स्थानीय सरकार
बागमती गाउँपालिका
☎ ९८५५०७२०७२
☎ ९८४९१६२७७२

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

प.सं.: २०८२।०८३
च.नं.:

## भुक्तानी बन्द हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशित मिति: २०८३।०२।११)*

ने. सं. ११४६ अनालाथ्व दशमी, सोमबार

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० बमोजिम सबै प्रकारका भुक्तानीहरु आर्थिक वर्ष समाप्त हुनु भन्दा एक हप्ता (७ दिन) अगावै भुक्तानी लिई नियामानुसार खर्च अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु व्यवस्था रहेको हुँदा यस कार्यालयबाट आ.व. २०८२।०८३ को भुक्तानी लिन बाँकी विषयगत शाखा, उपभोक्ता समिति, निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा संघ-संस्थाहरु लगायत सबै सरोकारहरुवालाले मिति २०८३।०३।१५ गते भित्र अनिवार्य रुपमा सम्पूर्ण आवश्यक कागजातहरु पेश गरी भुक्तानी लिनुहुन अनुरोध छ। गत विगतको अभ्यास एवं अनुभवबाट आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्राविधिक समस्या आई समयमा कार्य नहुने, भुक्तानी रोकिने र अन्त्यमा बजेट नै फ्रिज हुन सक्ने उच्च जोखिम देखिएको हुँदा तोकिएको समयावधि भित्र भुक्तानी नलिई उल्लिखित समस्याका कारण यस बागमती गाउँ कार्यपालिकाको कार्यलयबाट भुक्तानी लिन असमर्थ भएमा एवं भुक्तानी हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालय जिम्मेवार नभई स्वयम् सम्बन्धित सरोकारवालाहरु नै जिम्मेवार हुने व्यहोरा जानकारीको लागि अनुरोध छ।

.....................................
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत